काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २२७ ❐ शनिवार, १६ जेठ, २०८३ ❐ Saturday, 30 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णाली केन्द्रित योजनामा संघीय सरकारको विशेष जोड

पूर्वाधार, ऊर्जा, स्वास्थ्य, पर्यटन र खेलकुद क्षेत्रमा महत्वाकांक्षी कार्यक्रम सार्वजनिक



❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १५ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारको पहिलो बजेटमार्फत कर्णाली प्रदेशलाई विकासको केन्द्रमा राखेर विभिन्न महत्वाकांक्षी योजना सार्वजनिक गरिएको छ। शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्दै कर्णालीका सडक, जलविद्युत, स्वास्थ्य, पर्यटन, कृषि तथा खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखिएको घोषणा गरेका हुन्।

सरकारले कर्णाली प्रदेशलाई आर्थिक, पर्यटकीय र पूर्वाधार विकासको नयाँ केन्द्रका रूपमा अघि बढाउने लक्ष्यसहित सडक सञ्जाल विस्तारदेखि जलविद्युत आयोजना, एयर एम्बुलेन्स सेवा, कृषि उत्पादन, पर्यटन प्रवर्द्धन र खेलकुद पूर्वाधार निर्माणसम्मका योजनालाई बजेटमा समेटेको छ।

अर्थमन्त्री वाग्लेले मध्यपहाडी लोकमार्ग, कर्णाली कोरिडोर, भेरी कोरिडोर तथा जुम्ला हुँदै रारा र फोक्सुण्डोसम्म फैलिएको 'कर्णाली चतुर्भुज' क्षेत्रलाई जडिबुटी, पर्यटन, जलविद्युत र खानीजन्य गतिविधिको केन्द्रका रूपमा विकास गरिने बताएका छन्। सरकारले यी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रसँग जोड्न सडक तथा पूर्वाधार विस्तारलाई प्राथमिकता दिएको जनाएको छ। बजेटमा कर्णाली राजमार्ग स्तरोन्नतिका लागि एक अर्ब रुपैयाँ विनियोजन गरिएको छ। लामो समयदेखि जीर्ण अवस्थामा रहेको राजमार्ग सुधारसँगै कर्णाली कोरिडोरको ३१ किलोमिटर सडक कालोपत्रे गरिने योजना अघि सारिएको छ भने भेरी कोरिडोर स्तरोन्नतिको कार्यक्रम पनि समावेश गरिएको छ।

यस्तै, जाजरकोटको मुल्साङदेखि जुम्लाको टोप्ला जोड्ने सुरुङमार्गको सम्भाव्यता अध्ययन गरिने भएको छ। चिसापानी-बबई सुरुङमार्गको अध्ययन प्रक्रिया समेत अघि बढाइने बजेटमा उल्लेख छ।

कर्णालीको ऊर्जा विकासलाई पनि सरकारले प्राथमिकतामा राखेको छ। ४ सय ७० मेगावाट क्षमताको नलगाड जलविद्युत आयोजना निर्माण प्रक्रिया अघि बढाइने भएको छ भने कर्मचारी सञ्चय कोषको लगानीमा निर्माण हुन लागेको ४ सय ३९ मेगावाटको वेतन कर्णाली जलविद्युत आयोजनाको ठेक्का प्रक्रिया अगाडि बढाइने अर्थमन्त्री वाग्लेले बताएका छन्।

ग्रामीण क्षेत्रमा विद्युत पहुँच विस्तार गर्ने उद्देश्यले राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका बस्तीहरूमा आगामी वर्षभित्र विद्युतिकरण गरिने योजना पनि बजेटमा समेटिएको छ।

स्वास्थ्य क्षेत्रतर्फ सरकारले दुर्गम कर्णालीलाई लक्षित गर्दै एयर एम्बुलेन्स सेवा सञ्चालन गर्ने घोषणा गरेको छ। यातायात पहुँच कमजोर रहेका जिल्लामा आकस्मिक स्वास्थ्य सेवा सहज बनाउन एयर एम्बुलेन्स सेवा सञ्चालन गरिने भएको हो।

त्यस्तै, कर्णाली र सुदूरपश्चिमका ग्रामीण क्षेत्रमा टेलिमेडिसिन सेवा विस्तार गरिने भएको छ। आधुनिक प्रविधिको प्रयोगमार्फत गाउँमै विशेषज्ञ चिकित्सकीय परामर्श उपलब्ध गराउने लक्ष्य सरकारले लिएको छ।

कृषि तथा उद्योग क्षेत्रका लागि पनि बजेटमा विशेष कार्यक्रम समावेश गरिएको छ। सरकारले कर्णालीलाई स्याउ र ओखर

बाँकी पृष्ठ ४

कर्णाली प्रदेशलाई लक्षित बजेटका मुख्य योजनाहरू

१. सडक तथा पूर्वाधार
- कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-जुम्ला-गमगढी सडक स्तरोन्नतिका लागि रु. १ अर्ब बजेट व्यवस्था।
- कर्णाली कोरिडोर अन्तर्गत ३१ किलोमिटर सडक कालोपत्रे तथा ग्राभेल गरिने।
- भेरी कोरिडोर स्तरोन्नतिको योजना अघि सारिएको।
- कर्णाली कोरिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणलाई तीव्रता दिइने।
- जाजरकोटको मुलसाङदेखि जुम्लाको टोपलासम्म सुरुङमार्गको सम्भाव्यता अध्ययन गरिने।
- चिसापानी-बबई सुरुङमार्ग अध्ययन प्रक्रिया अघि बढाइने।
- सुर्खेत विमानस्थल विस्तार योजना पुनः अघि सारिएको।
- मुगुको तात्चा विमानस्थल स्तरोन्नति गरिने।

२. जलविद्युत तथा ऊर्जा
- राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय तहहरूमा विद्युतीकरण तीव्र पारिने।
- ४७० मेगावाटको नलगाड जलविद्युत आयोजना निर्माण प्रक्रिया अघि बढाइने।
- ४३९ मेगावाटको बेतन कर्णाली जलविद्युत आयोजना निर्माणका लागि ठेक्का प्रक्रिया सुरु गरिने।

३. सिँचाइ तथा जलस्रोत
- भेरी बबई डाइभर्सन आयोजनाको हेडवर्क्स निर्माण कार्य सम्पन्न गरिने।
- महाकाली, कर्णाली, नारायणी, कोशी लगायतका ठूला तथा मझौला नदी व्यवस्थापनका लागि बजेट विनियोजन।

४. स्वास्थ्य सेवा
- कर्णाली र सुदूरपश्चिमका दुर्गम क्षेत्रमा टेलिमेडिसिन सेवा विस्तार गरिने।
- भिडियो कन्सल्टेसनमार्फत विशेषज्ञ स्वास्थ्य सेवा सुनिश्चित गरिने।
- कर्णाली प्रदेशका दुर्गम स्थानहरूमा एयर एम्बुलेन्स सेवा सुरु गरिने।

५. सामाजिक सुरक्षा
- उच्च गरिबी तथा कमजोर मानव विकास सूचकाङ्क भएका कर्णालीका जिल्लामा बालबालिकाले पाउने पोषण भत्तालाई निरन्तरता दिइने।

६. कृषि तथा जडीबुटी
- कर्णालीमा स्याउ, ओखर लगायत फलफूलको जोन सञ्चालन गरिने।
- कृषि उत्पादन संरक्षणका लागि चिस्यान केन्द्र स्थापना गरिने।
- कर्णालीमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गरिने।

७. उद्योग तथा खानी
- दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा पेट्रोलियम पदार्थको व्यावसायिक उत्पादन सुरु गरिने।
- कर्णाली चतुर्भुज क्षेत्रमा खानीजन्य गतिविधिलाई प्रवर्द्धन गरिने।

८. भन्सार तथा व्यापार सहजीकरण
- हुम्लाको हिल्सास्थित सीमा नाकामा पशु क्वारेन्टिन स्थापना गरिने।

९. सञ्चार तथा प्रविधि
- कर्णाली र सुदूरपश्चिम प्रदेशमा गुणस्तरीय टेलिफोन सेवा तथा नेटवर्क विस्तार गरिने।

१०. पर्यटन प्रवर्द्धन
- काँक्रेविहार, पञ्चकोशी, रारा र फोक्सुण्डोलाई समेटेर प्रादेशिक पर्यटकीय कोरिडोर विकास गरिने।
- मध्यपहाडी लोकमार्ग, कर्णाली कोरिडोर र भेरी कोरिडोरलाई पर्यटन तथा आर्थिक गतिविधिसँग जोडिने।
- कर्णाली चतुर्भुज (रारादेखि जुम्ला हुँदै फोक्सुण्डोसम्म) क्षेत्रमा जडीबुटी, जलविद्युत, पर्यटन र खानीजन्य क्रियाकलापलाई प्रोत्साहन गरिने।

११. खेलकुद
- सुर्खेतमा १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था गरिएको।
- सुर्खेतमा दुई हजार दर्शक क्षमता भएको इन्डोर रंगशाला निर्माण गरिने।

सुर्खेतमा पहिलो पटक राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता हुँदै

❐ **काँक्रेविहार संवाददाता**

वीरेन्द्रनगर, १५ जेठ

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा पहिलो पटक राष्ट्रिय स्तरको यू-१९ महिला क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ। आगामी जेठ २२ गतेदेखि असार १ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा देशभरका सातै प्रदेशका टोलीहरूको सहभागिता रहने आयोजकले जनाएको छ।

कर्णाली प्रदेश क्रिकेट संघका अनुसार सन् २०२७ मा नेपाल र बंगलादेशले संयुक्त रूपमा आयोजना गर्न लागेको आईसीसी यू-१९ महिला विश्वकपका लागि नेपाली टोली छनोटको आधार तयार गर्ने उद्देश्यले प्रतियोगिता सञ्चालन गर्न लागिएको हो।

संघका सचिव श्रीधर केसीले प्रतियोगिता कर्णालीका लागि ऐतिहासिक अवसर भएको बताए। उनका अनुसार कर्णालीमा यसअघि पुरुषतर्फको राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना भए पनि महिला क्रिकेटको



राष्ट्रिय प्रतियोगिता भने पहिलो पटक हुन लागेको हो। कर्णालीको इतिहासमा यो दोस्रो राष्ट्रिय क्रिकेट प्रतियोगिता भए पनि महिला क्रिकेटको हकमा यो पहिलो राष्ट्रिय खेल हो, उनले भने, यसले यहाँको खेलकुद विकाससँगै महिला खेलाडीलाई राष्ट्रिय स्तरमा अवसर सिर्जना गर्ने विश्वास लिएका छौं।

प्रतियोगिता नजिकिँदै जाँदा कर्णाली प्रदेशको टोली घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्यसहित बन्द प्रशिक्षणमा जुटेको छ। छनोट भइसकेका खेलाडीलाई प्राविधिक, शारीरिक तथा रणनीतिक प्रशिक्षण दिइरहेको संघले जनाएको छ।

आयोजकका अनुसार प्रतियोगिताको सम्पूर्ण व्यवस्थापकीय तयारीलाई तीव्र बनाइएको छ। खेल मैदान व्यवस्थापन, खेलाडी आवास, सुरक्षा तथा अन्य आवश्यक पूर्वाधार तयारीलाई अन्तिम चरणमा पुऱ्याइएको बताइएको छ। भौतिक पूर्वाधार तथा खेलकुद गतिविधिमा क्रमशः अगाडि बढिरहेको कर्णाली प्रदेशका लागि यो प्रतियोगिता महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। प्रतियोगिताले कर्णालीमा महिला क्रिकेटको विकास, नयाँ प्रतिभा पहिचान तथा राष्ट्रिय खेलकुद गतिविधिको विस्तारमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ।


'गणतन्त्र सुदृढीकरणका लागि दलहरूबीच सहकार्य आवश्यक'

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १५ जेठ

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, सुदृढीकरण र संविधान कार्यान्वयनमा सबै राजनीतिक दल तथा नागरिक एकजुट हुनुपर्ने बताएका छन्।

गणतन्त्र दिवसको अवसरमा शुभकामना दिँदै मुख्यमन्त्री कँडेलले जनताको बलिदान, त्याग र संघर्षबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजनीतिक इतिहासको गौरवपूर्ण उपलब्धि भएको बताए।



उनले विभिन्न राजनीतिक आन्दोलनमा अग्रणी भूमिका खेल्ने

बाँकी पृष्ठ ४

शनिवार

कथा

सम्बन्धको घाउ



केहीदिनका लागि मेरो यात्रा पश्चिम दार्चुलासम्म हुने भयो । गर्मीको समय भएकाले हल्का सजिला कपडाहरू छनोट गर्दै झोला मिलाएँ । झोला भित्र केही सजिला खानेकुरा र पानीको बोत्तल राखें । घरमा ट्याक्सी आइपुग्यो । म बिदा भएँ । ट्याक्सी आफ्नो गन्तव्य कलंकीतिर हान्नियो ।

बिहानको लगभग ९ बजे । पाठशाला र कार्यालय जाने समय । त्यसैले ट्राफिक-जाममा परियो । गाडी छुट्नै लाग्यो भनेर चालकको फोन आउन थाल्यो । "आउँदै छु" भन्दै चालकलाई ट्याक्सी छिटो कुदाउन अनुरोध गरें । केही समय कुर्नु पर्दा सबै यात्री रिसाउन थालेका रहेछन् । केही नभनी गाडीभित्र छिर्ें । आफ्नो सिट खोजे र बसें ।

सँगैको सिटमा पनि महिला नै परिछिन् खुशी लाग्यो र उनलाई भनें, "ल, हामी अपरिचित भए पनि दुवै महिला भएकाले कुरा गर्दै लामो बाटो काट्न सजिलो हुने भयो ।" उसले कुनै प्रतिक्रिया जनाइन । सेतो कुर्ता सुरुवालमा रातो सल ओढेकी उसले काँधमा सानो हाते ब्याग भिरेकी थिई । उसको सिटछेउमा कपडाको ठूलो ब्याग थियो । उसले आँखा छोपेर सुतेको अभिनय गरी । झट्ट हेर्दा मिलेको खिरिलो जिउडालकी, पढेलेखेकी र भद्र स्वभावकी लाग्ने ऊ उमेरले पचासको हाराहारीमा होली भन्ने अनुमान लगाएँ ।

गाडी अघि बढ्यो । म बाहिरको दृश्यमा आँखा डुलाउँदै रमिता हेर्दै थिएँ । बाहिर भर्खरै कालोपत्रे गरेको नयाँ सडकमा गाडी कुदेको दृश्य रमाइलो देखिन्थ्यो ।

गाडी रोकियो । खलासी भाइ गाडीबाट झर्दै बोल्दै थिए -

"ल है, खाजा खाने समय भयो । अब चिया-खाजा खाऊँ । बाथरुम जाने हो भने बाटो यता छ ।"

मलाई शौचालय जान निक्कै हतार परेको थियो । बाहिर निस्किन खोजें । उसले पनि निद्राबाट ब्युँझिएझैं गरेर जिउ तन्काई ।

"ट्वाइलेट यता, हातमुख धुने उता । तातो-तातो चिया, मिठो-मिठो नास्ता ।" होटलका कारिन्दाहरू गाडीको ढोका नजिक आएर यात्रुहरूलाई होटलतिर आकृष्ट गर्दै थिए ।

म गाडीबाट झरेर हात धुँदै थिएँ । ऊ पनि नजिकै आई । अँध्यारो मुखलाई पानी छम्केर उज्यालो बनाउन खोजी । कालो पोतिएको भए पो पानीले सफा पारेपछि अनुहार उज्यालो हुने थियो, तर पीडाले भरिएको अनुहार धुँदैमा कसरी उज्यालो हुनु र ? सेतो रङको छाला भए पनि अनुहार ग्रहणले ढाकेको देखिन्थ्यो । "आउनुहोस् !" - मैले उनलाई बोलाएँ ।

"बस्नुहोस् !" - मैले उसलाई आफू बस्न लागेको कुर्सीसँगैको नजिकैको कुर्सीमा बस्न इसारा गरें । अनि "चिया-खाजा के खाने ?" भनेर सोधें । अहँ, उसले अझै मुख खोलिन । ऊ कुर्सीमा बसी । मैले चना र चिया मगाएँ । उसका लागि "के मगाऊँ ?" भनेर फेरि सोधें ।

"जे भए पनि ... " उसले छोटो उत्तर दिई । उसका लागि उसिनेको अण्डा र चिया मगाइदिएँ । खाइसकेपछि काउन्टरमा गएर मैले नै दुवैजनाको चिया र खाजाको रकम भुक्तानी गरें ।

"सम्झनाका लागि फोटो लिऊँ न है !" पसल बाहिर निस्केपछि मैले नै चासो दिएर दुवैको सेल्फी लिएँ । तर फोटोको पोज दिँदै मैले डिच्च दाँत देखाएर हाँस्दा पनि ऊ चाहिँ चिन्तित मुद्रामै यथावत् रही । एकछिनमा गाडी गुड्यो । चालकले आधुनिक गीतको क्यासेट बजायो । स्वरसम्राट नारायण गोपालको गीत - "यो सम्झिने मन छ, म बिर्सूँ कसरी, तिमी नै भनिदेऊ ए जाने निठुरी...। "

"आहा ! क्या मिठो गीत !" मैले ऊतिर हेरेर गीतको तारिफ गरें । तर ऊ त अझै कालो अनुहार बनाउदै घोप्टो पो परी ।

घोप्टो परेको अनुहार साइडबाट प्रष्ट देखियो । ऊ आँशु झार्दै रहिछ ।

"तपाईंलाई के भयो ? मैले अघि नै भनिसकेको छु, हामी साथी भयौं भनेर । मनमा कुनै चोट छ भने भन्नुहोस् । एउटा भनाइ छ - कसैलाई आफ्नो मनको पीडा सुनाउँदा मन हल्का हुन्छ रे ।" मैले सकेसम्मको मायालु स्वरले उसलाई सुम्सुम्याएँ ।

हामीभन्दा पछाडिका सिटका यात्रीले हाम्रो कुरा सुनिरहेका थिए । मैले उनीहरूलाई पुलुक्क हेरें, उनीहरूले हाम्रा कुरा नसुनेझैं गरे ।

उसले आफ्ना भिजेका आँखाले मेरो आँखामा हेरी र बिस्तारै भनी - "दिदी, यो गाडी कहाँसम्म जान्छ ?"

मैले भनें, "दार्चुलासम्म जान्छ । तपाईं कहाँ जाने ?"

"खोइ कहाँ जान्छु, केही ठेगाना छैन दिदी । भाग्यले मलाई जता लैजान्छ, म त्यतै जान्छु ।"- उसले मलिनो स्वरमा जवाफ फर्काई ।

"हो र !" - अप्रत्यासित उत्तरबाट अचम्मित हुँदै म ट्वाल्ल परें । मनमा उसकै बारेमा अनेक थरी प्रश्न सल्बलाए पनि थप केही बोल्न मन लागेन । उसले कोही नभएका अनाथ वा अवसादग्रस्त वा विक्षिप्तले गर्नेजस्तो कुरा गरेपछि मेरो मनमा पनि करुणाको आँशु छचल्किरहेको थियो । यही बेला कन्डक्टर नजिकै आयो र सोध्न थाल्यो - "कहाँसम्म जाने ? टिकट छ ? भए टिकट देखाउनुस् ।"

उसको आवाजले मलाई भावुकताको तहबाट यथार्थ धरातलमा अवतरित गरायो । ब्यागबाट टिकट झिकेर कन्डक्टरलाई देखाएँ । उसले पनि "म नेपालगन्ज जाने हो" भनेर पैसा दिई ।

"तपाईंको घर कहाँ हो ?"- कन्डक्टरलाई पैसा दिएपछि उसले मलाई लक्षित गरेर गरेको प्रश्न थियो यो ।

मैले "काठमाडौं" भनेर छोटै उत्तर दिएँ । अनि थपें "तपाईंको नि ?"

उसले लामै उत्तर दिई मलाई - "मेरो घर छैन । आफन्त, साथीभाइ छन् । उनीहरूलाई भेट्न जाँदैछु ।"

"माइती जान लाग्नुभएको हो कि ?" मैले थप जिज्ञासा राखें ।

"माइती जान्नँ । बुढी आमा त हुनुहुन्छ तर आमासँग दाजुभाउजू पनि छन् ।"

"कहिलेकाहीं त जान मन लाग्छ होला नि माइत ? किन नजाने ? आफ्नो जन्मघर, आफू हुर्केको, खेलेको घर । आफ्नो प्राणभन्दा प्यारो जन्मभूमिलाई कसरी बिर्सन सकिन्छ र ! आमाको न्यास्रो पनि लाग्छ होला नि ?" मैले सम्झाउने तरिकामा भनें ।

"त्यो त हो । तर मलाई दुःख भयो भनेर दाजुभाउजूलाई सुनाउनुभन्दा त बरु बाटोमा बसेर मागेर खान्छु । म आफ्नै खुट्टामा उभिएको र सरकारी जागिर खाएको मान्छे हुँ । भविष्यको फैसला मैले गर्ने हो । जिन्दगी बिताउने सवाल छ । मलाई एक वचन नसोधी, ढाँटेर, जेठो दाजुभन्दा पनि उमेरले जेठो केटासँग मेरो विवाह गरिदिए । त्यो मागी विवाह थियो । मभन्दा साना उमेरका केटीले उमेर मिल्दा केटासँग भागी विवाह गरेका थिए । तर मलाई भने ... !" उसले आँखाबाट बरबर आँशु झारी ।

उसका आँखाबाट झरेका आँशु उसका हातमा खसे । त्यो आँशुलाई हातको औंलाले खेलाउँदै र सुँक्क-सुँक्क गर्दै ऊ आफ्नो मनको पिर मेरासामु ओकल्न थाली - "विवाहपछि पहिलो पटक माइती जाँदा बुढी आमाले 'ज्वाइँ कस्ता छन् ? माया गर्छन् कि गर्दैनन् ?' भनेर सोधिन् । मैले आँखाबाट आँशु झार्दै ' आमा ! तपाईंका ज्वाइँ उमेरले दाजुभन्दा जेठा छन् । हाम्रो उमेरको लामो अन्तर छ । हाम्रो कुरै मिल्दैन' भनेर सुनाएँ । मनमा अरू पनि थुप्रै दुःखका कुरा थिए । माइतीमा गएर आमालाई गुनासो पोखौंला अँगालो हालेर पिरहरूलाई मज्जाले पखालौंला भन्ने इच्छा लाग्थ्यो तर दुर्भाग्य, उल्टै पो भनिन् - 'उमेरले ज्वाइँ जेठा छन् भनेर पिर नमान्, मन नदुखा; भाग्यमानी रहिछस् तँ, आफूभन्दा बुढाले झन् धेरै माया गर्छन् ।' त्यसैले माइत जान मनै लाग्दैन । बरु परचक्री नै आफ्ना लाग्छन् । मेरो मनमा पिरको गह्रुङ्गो भारी छ, तर बिसाउने ठाउँ कहीं छैन, दिदी ! झन् एक्लो ज्यान हुँदा यो रुढीवादी समाजमा जसले पनि कुरा काट्ने ! जिउनै गाह्रो । त्यसमाथि दुई जना..."

ऊ एकछिन रोकिएर फेरि बोल्न थाली - लोग्नेस्वास्नीको उमेर नमिलेको देखेपछि उमेरदार मानिससँग बोल्दा पनि समाजले नराम्रो मान्दो रहेछ । 'कसले के भन्ला, उसलाई कसरी चित्त बुझाऊँ' भन्दा-भन्दै मलाई आफ्नो उमेर गएको पत्तै भएन । आफ्नो भविष्य बिर्सेर, आफूलाई बिर्सेर आफ्नाहरूसँग राम्रो सम्बन्ध राखिरहन मरिहत्ते गरें । तर नाताले आफ्ना भएका मानिसहरूले मलाई 'राम्रो गरिस्' भनेर कहिल्यै भनेनन् । आज तपाईंले माया गरेको आभास पाएँ, त्यसैले आँशु थाम्न सकिनँ । आँखाबाट कतिबेला आँशु झरे, थाहै पाइनँ ।" यसो भनिरहँदा ऊ आँशु पुछिरहेकी थिई । गाडी गुडिरहेको थियो । आ-आफ्ना सिटमा सबै निदाइरहेका थिए । चर्को आवाजमा स्वर्गीय नारायण गोपालको गीत गुन्जिरहेको थियो – "दुइटा फूल देउरालीमा साथै राखूँ जस्तो लाग्छ...।"

मलाई उसको बारेमा थप जान्न मन लाग्यो र प्रश्न सोधें, "तपाईंको श्रीमान् अनि छोरा छोरी ... ?"

मेरो प्रश्न पूरा नहुँदै ऊ आफ्नो कहानी यसरी सुनाउन लागी –"म पढ्दै गर्दा मेरा बा बितेका थिए । बापछि मेरा दाजुले मलाई पढाउन चाहेनन् । त्यो समय सबैका छोरा-छोरी शहर पढ्न जान्थे । मैले पनि शहरबाटै बढो कठिनाइ साथ आई.ए. सम्मको पढाइ सकेकी थिएँ । बाको मृत्युपछि गाँस र बासको पनि कठिनाइ भयो । हुन त शहरमा पनि घर थियो, तर घर भए पनि पेटभरि खान मुश्किल भयो र खानकै लागि गाउँ फर्किन बाध्य भएँ । गाउँमा पेटभरि खान पाइन्थ्यो तर काम गर्नुपर्थ्यो । बा नभएपछि आमाको हुकुम चल्न छोडेको थियो ।

एक दिन दाजुले घरमा अगेनाको आगो ताप्दै गर्दा आमासँग कुरा गरे – "आमा!बहिनीकोलागिकेटाखोजेरआएको छु । पढेलेखेका केटा छन् । जति पढे पनि के काम ? अर्काको घरमा जाने त हो । उमेर छिप्पिँदै छ, बुढीकन्या भइसकी । एक-दुई वर्षपछि कसैले विवाह गर्दैनन् । त्यही केटालाई दिऊँ ।"


आमाले अरू कुरा केही सोधिनन् । मलाई पनि दाजुले एक शब्द सोधेनन् । दाजुभन्दा उमेरले केही जेठा केटा केही दिनपछि मलाई हेर्न आए । कुन-कुन बहाना गरेर मलाई देखाए छन् । केटी हेरिसकेपछि 'हामीलाई नानी मन पर्यो । नानीलाई पनि सोध्नुस् । कुरा मिलेमा आजै विवाह गरौं, लिएर जान्छौं' भनेछन् । मलाई नसोधी ' बहिनीले मन पराइन्' भनेर विवाहको कुरा छिनियो । भोलि बिहान विवाह गर्ने भनेर टुंगो लगाएछन् । भोलिका लागि विवाहका सामान जुटाउन लागे ।

भाउजूले 'साडी किन्न मलाई बजार जाऊँ' भनिन् । केही नसोधी पछि-पछि लागें । 'दाजुले सस्तो सामान किन्न भन्नुभएको छ । अलि सस्तो साडीहरू देखाउनू साहुजी' भन्दै अर्डर गरिन् र केही थान सस्ता साडी किनिन् ।

भोलि बिहान सात बजे घरमा सामान्य जग्गे-मण्डपमा बस्यौं । सबै विवाहको रमझममा सजिएका थिए । मैले कुर्ता सरवाल फेरेर रातो साडी र ब्लाउज लगाएँ । न गहना थिए न कुनै सृङ्गारपटार तर भाउजू सुनका गहनाले पुरै छोपिएकी बेहुली सामान्य तर पाहुना र घरका अरू महिला सदस्य बेहुलीजस्ता देखिने ! यी दृश्यहरूले मनमा भालाले रोपेझैं गहिरो पीडा भयो । आँशुले आँखा छोपिएका थिए, ओठतिर सिँगान पोतिएको थियो । विवाहको रमझममा बेहुलीको रुवाइले जन्ती होइन मरेको लास निकाल्दै छन् भनेजस्तै वातावरण भएको थियो । म धेरै रोएँ, चिच्याएँ, कराएँ । मुटु फुट्लाझैं भयो ।

कविता

छिमेकी



विष्णु न्यौपाने

मेरो करेसो नजिकै छ साथी
आत्मा छ घाती अपराध माथि
आचार छोडी अतिचार गोड्छ
गाली नमीठो अविराम छोड्छ ।

उठ्तै बिहानीपख मुर्मुरिन्छ
सर्किन्छ आफैं अनि जुर्मुरिन्छ
चाहिन्न ठूलो कसुरादि केही
पोखिन्छ ठाडै अपराध देही ।

बच्चा कुदोस् त्यो निहुँ नै बनिन्छ
हेऱ्यो खडा भै अब झन् खनिन्छ
बोल्दै नबोलौं पनि क्रोध भर्छ
बोलौंभने तापनि ठस्स पर्छ ।

कालो मसी के अझ त्यै छ कालो
राँगो छ हान्ने भयको भैंगालो
तर्साउने भैकन हिंड्छ जैले
रोएर बाँच्ने म छु एक ऐले ।

देखेर रून्छन् बचरा जहान
झम्टन्छ उल्टै नकटो हराम
ए भाइ ! यस्तो नगरौं न भन्दा
खाइन्छ आफैं दस-पन्ध्र डण्डा ।

कस्तो दिनैमा घर यो किनेंछु
आफ्नो जवानी पसिना छिनेछु
जुन् आँसु मेरा परिवार झार्छन्
आगो उकेल्छन् अनि राप ताप्छन् ।

यौटा दरिद्री मन हाँस्न सक्छ
रोएर आफैं पनि बाँच्न सक्छ
हाँसो म कल्पूँ कुन आसभित्र ?
ज्वाला छुटेको हर श्वास भित्र ।

तोडेर घेरा अभिमन्यु बाँच्ला
सौदामिनीमा पनि रात हाँस्ला
पर्दा छिमेकी अति दुष्ट भान्से
सक्तैन कैल्यै पनि हाँस्न मान्छे ।

जाजरकोटमा दादुरा पुष्टि



काँक्रेविहार संवाददाता

जाजरकोट, १५ जेठ

जिल्लाको भेरी नगरपालिका-११ स्थित जगतिपुर क्षेत्रमा दादुराको संक्रमण देखिन थालेपछि स्थानीय स्वास्थ्य संस्थाहरू उच्च सतर्कतामा जुटेका छन् ।

गाउँमा लगातार ज्वरो आउने, शरीरमा रातो बिबिरा देखिने, रुघाखोकी लाग्ने तथा आँखा रातो हुने समस्या बढेपछि शंकास्पद बिरामीहरूको स्वास्थ्य परीक्षण गरिएको थियो ।

परीक्षणका क्रममा चार जनामा दादुरा पुष्टि भएको र अन्यको अवस्था पनि निगरानीमा राखिएको उनले जानकारी दिए । स्थानीयवासीहरूमा देखिएको लक्षणमा उच्च ज्वरो आउने, टाउको दुख्ने, शरीरभरि बिबिरा फैलिने, रुघाखोकी लाग्ने, आँखा रातो हुने तथा कमजोरी महसुस हुने समस्या देखिएको बताइएको छ ।

स्वास्थ्यकर्मीहरूका अनुसार केही बिरामीमा मुखभित्र घाउ आउने तथा पखाला लाग्ने समस्या समेत थप फैलिन नदिन निगरानी बढाएका छन् ।

स्वास्थ्य चौकी प्रमुख सुनिल बुढाथोकीका अनुसार परीक्षण गरिएका व्यक्तिहरूमा १८ वर्षीय दिपक विक, १८ वर्षीय डिल्ली विक, १८ वर्षीय धर्मिला विक, १० महिनाकी बालिका रितु विक, १७ वर्षीय कल्पना विक तथा २२ वर्षीय दुर्गा विक रहेका थिए ।

तीमध्ये चार जनामा दादुरा पुष्टि भएको र अन्यको अवस्था पनि निगरानीमा राखिएको उनले जानकारी दिए । स्थानीयवासीहरूमा देखिएको लक्षणमा उच्च ज्वरो आउने, टाउको दुख्ने, शरीरभरि बिबिरा फैलिने, रुघाखोकी लाग्ने, आँखा रातो हुने तथा कमजोरी महसुस हुने समस्या देखिएको बताइएको छ ।

स्वास्थ्यकर्मीहरूका अनुसार केही बिरामीमा मुखभित्र घाउ आउने तथा पखाला लाग्ने समस्या समेत देखिएको छ ।

दादुरा अत्यन्त संक्रामक रोग भएकाले संक्रमित व्यक्तिबाट अरूमा छिट्टै फैलिन सक्ने स्वास्थ्यकर्मीहरूको भनाइ छ । विशेषगरी बालबालिका, कमजोर रोग प्रतिरोधात्मक क्षमता भएका व्यक्ति तथा खोप नलगाएकाहरू बढी जोखिममा पर्ने जनाइएको छ । यही कारण गाउँमा स्वास्थ्य सचेतना अभियान समेत सुरु गरिएको छ ।

वास्थ्य चौकीले सर्वसाधारणलाई भीडभाडमा नजान, अनिवार्य रूपमा मास्क प्रयोग गर्न, व्यक्तिगत सरसफाइमा ध्यान दिन तथा संक्रमित व्यक्तिको सम्पर्कबाट टाढा रहन आग्रह गरेको छ । साथै कुनै पनि व्यक्तिमा दादुरासँग मिल्ने लक्षण देखिए तत्काल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

स्वास्थ्य संस्थाले बिदाका दिनमा पनि सेवा सञ्चालन गरिने जनाएको छ ताकि बिरामीहरूले सहज रूपमा उपचार सेवा प्राप्त गर्न सकून्। गाउँमा संक्रमण फैलिन नदिन स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरू सक्रिय रूपमा परिचालित भएका छन् ।

भेरी नगरपालिका स्वास्थ्य शाखाले दादुरा संक्रमण नियन्त्रणका लागि निगरानी बढाइएको, आवश्यक औषधि तथा स्वास्थ्य सामग्री तयारी अवस्थामा राखिएको र जोखिमयुक्त क्षेत्रहरूमा विशेष स्वास्थ्य निगरानी सुरु गरिएको जनाएको छ । साथै बालबालिकालाई नियमित खोप लगाउन अभिभावकलाई आग्रह गरिएको छ ।

स्वास्थ्य विज्ञहरूका अनुसार दादुरा श्वासप्रश्वास तथा प्रत्यक्ष सम्पर्कबाट सजिलै सर्ने रोग हो। संक्रमित व्यक्तिले हाच्छ्युँ गर्दा वा खोक्दा निस्किने सूक्ष्म कणमार्फत यो रोग अरूमा फैलिन सक्छ । त्यसैले समयमै सावधानी अपनाउन नसके संक्रमण व्यापक बन्न सक्ने चेतावनी दिइएको छ ।

स्थानीयवासीहरूले पनि गाउँमा संक्रमण देखिएपछि त्रास बढेको बताएका छन् । यद्यपि स्वास्थ्यकर्मीहरूले आवश्यक सतर्कता अपनाए संक्रमण नियन्त्रणमा लिन सकिने विश्वास व्यक्त गरेका छन् ।

कर्णालीमा 'हाइड्रोपावर हब' बनाउने योजना

काँक्रेविहार संवाददाता

सुर्खेत, १५ जेठ

संघीय सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत कर्णाली प्रदेशलाई विशेष प्राथमिकतामा राख्दै ' हाइड्रोपावर हब' र पर्यटन केन्द्रका रूपमा विकास गर्ने योजना अघि सारेको छ ।

जलविद्युत आयोजना र पर्यटन पूर्वाधारलाई केन्द्रमा राखेर सडक सञ्जाल विस्तार, नयाँ सडक निर्माण तथा पहुँच सुधारका कार्यक्रमलाई बजेटमा समेटिएको सरकारी स्रोतले जनाएको छ ।

सरकारले भेरी-डोल्पा, सुर्खेत-जुम्ला, माथिल्लो कर्णाली, बेतन कर्णालीलगायत ठूला जलविद्युत आयोजनाका लागि आवश्यक उपकरण तथा निर्माण सामग्री सहज रूपमा ढुवानी गर्न सडक पूर्वाधार विस्तारलाई प्राथमिकतामा राखेको हो ।

कर्णालीमा जलविद्युत उत्पादनको सम्भावना उच्च भएकाले त्यसलाई आर्थिक विकाससँग जोड्ने रणनीतिअनुसार बजेट निर्माण गरिएको बताइएको छ ।

बजेटमा भेरी करिडोर र डोल्पा सडक सञ्जालअन्तर्गत डोल्पाको सदरमुकाम दुनैसम्म सडक कालोपत्रे गर्ने योजना समावेश गरिएको छ ।

दुनैसम्म कालोपत्रे भएपछि त्रिपुरासुन्दरीदेखि डोल्पासम्मको थप २५ किलोमिटर सडकलाई पनि जोड्ने योजना रहेको जनाइएको छ ।

राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाका अनुसार सडक निर्माण



गर्दा पर्यटकीय ट्रेकिङ रुट संरक्षणलाई समेत प्राथमिकतामा राखिनेछ । उनले माथिल्लो ट्रेकिङ मार्गलाई असर नपर्ने गरी मात्रै सडक निर्माण गरिने बताए । "त्यहाँ रहेको झरनाभन्दा माथि सडक लगाइने छैन र त्यो क्षेत्र ट्रेकिङका लागि मात्रै सुरक्षित राखिनेछ," उनले भने ।

सरकारले सुर्खेत-जुम्ला सडकको नयाँ 'एलाइनमेन्ट' तयार गर्ने योजना पनि अघि सारेको छ । नयाँ रुटमार्फत सडकको लम्बाइ करिब २० किलोमिटर घटाइने बताइएको छ । यो मार्ग जुम्लाका लागि प्रारम्भिक रूपमा तय गरिएको पुरानै रुट भएको जनाइएको छ ।

हाल कालीकोट जाँदा सेरीघाटस्थित तिला नदीको पुल पार गरेर मान्म उक्लिनुपर्ने अवस्था छ । तर अब तिला नदीको किनारैकिनार नयाँ सडक निर्माण गर्ने योजना अघि बढाइएको छ ।

१८ किलोमिटर लामो हुने यो सडक मान्म हुँदै पिलीबाट झर्ने पुरानो सडकसँग जोडिनेछ । आगामी आर्थिक वर्षबाट उक्त सडकको ट्र्याक खोल्ने काम सुरु गरिनेछ । यस वर्ष प्रारम्भिक चरणका लागि सीमित बजेट विनियोजन गरिएको जनाइएको छ ।

हुम्ला सडक, भेरी करिडोर र सुर्खेत-जुम्ला सडक आयोजनालाई बहुवर्षीय ठेक्का तथा स्रोत सहमति दिइसकिएको सरकारी अधिकारीहरूले बताएका छन् ।

सरकारले कर्णालीलाई 'हाइड्रोपावर हब' बनाउने उद्देश्यसहित सुर्खेत सडक विस्तार योजनालाई पनि बजेटमा समेटेको छ ।

माथिल्लो कर्णाली र बेतन कर्णालीजस्ता ठूला जलविद्युत आयोजनाका लागि आवश्यक भारी उपकरण ढुवानी सहज बनाउन सडक विस्तार गरिने भएको हो । यसैबीच सरकारले आयोजना छनोट प्रक्रियालाई पनि पुनः लचक बनाएको छ । यसअघि फागुन मसान्तसम्म आयोजना बैंकमा दर्ता भएका योजनालाई मात्रै बजेटमा समावेश गर्ने व्यवस्था गरिएको थियो । पछि राजनीतिक परिस्थिति र नयाँ सरकारलाई अवसर दिन चैतसम्म समय थपिएको थियो ।

अहिले भने तयारी अवस्थामा रहेका आयोजना जुनसुकै समयमा पनि आयोजना बैंक प्रणालीमा दर्ता गर्न सकिने व्यवस्था गरिएको योजना आयोगका अधिकारीहरूले बताएका छन् ।

हालसम्म राष्ट्रिय आयोजना बैंकमा पाँच हजारभन्दा बढी नयाँ आयोजना दर्ता भइसकेका छन् । चैत मसान्तसम्म भने करिब २५ सय आयोजना मात्रै प्रणालीमा समावेश भएका थिए ।

निर्वाचन क्षेत्र केन्द्रित सडक पूर्वाधार कार्यक्रमलाई पनि आगामी बजेटले प्राथमिकता दिएको जनाइएको छ । अर्थ मन्त्रालय स्रोतका अनुसार आगामी बजेटमा कर्णाली केन्द्रित केही आकर्षक कार्यक्रम समावेश गरिएका छन् ।

पछिल्लो राजनीतिक प्रतिबद्धता र विकासको बहसलाई आधार बनाएर कर्णालीमा पूर्वाधार, ऊर्जा र पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखिएको जनाइएको छ ।

बिदाले बढायो राराको पर्यटकीय चहलपहल

काँक्रेविहार संवाददाता

मुगु, १५ जेठ

लगातार चार दिन सार्वजनिक बिदा परेपछि कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य रारा क्षेत्रमा आन्तरिक पर्यटकहरूको उल्लेखनीय चहलपहल बढेको छ ।

मुगुको छायाँनाथ रारा नगरपालिका नौ स्थित राराताल आसपास यतिबेला पर्यटकको भीड बढ्न थालेपछि होटल व्यवसायदेखि स्थानीय व्यापारसम्ममा उत्साह छाएको छ ।

बिहीबारदेखि आइतबारसम्म परेको सार्वजनिक बिदाले घुमफिरका लागि समय मिलेकाले देशका विभिन्न जिल्लाबाट आन्तरिक पर्यटकहरू रारा पुगिरहेका छन् ।

प्राकृतिक सौन्दर्य, शान्त वातावरण, हरियाली जंगल तथा हिमाली दृश्यावलोकनका कारण प्रसिद्ध रारातल अहिले पुनः पर्यटकले भरिन थालेको स्थानीय व्यवसायीहरूको भनाइ छ ।

रारास्थित होटल व्यवसायी शान्ति रोकायाका अनुसार यसपटक विगतको तुलनामा पर्यटकको संख्या उल्लेखनीय रूपमा बढेको छ ।

विशेषगरी परिवार, साथीभाइ तथा समूह बनाएर घुम्न आउने आन्तरिक पर्यटकहरूको आगमनले होटल व्यवसाय चलायमान बनेको उनले बताइन् । उनका अनुसार रारा क्षेत्रका अधिकांश होटल तथा लजहरूमा कोठा अभाव हुन थालेको छ ।

"चार दिनको लामो बिदाका कारण धेरै पर्यटक रारा पुगेका छन्," उनले भनिन्, "होटलहरूको अकुपेन्सी करिब ९० प्रतिशतसम्म पुगेको छ । यसले व्यवसायीहरूलाई ठूलो राहत मिलेको छ ।

पर्यटकहरू विशेषगरी रारातालको अवलोकन, डुंगा सयर, मुर्माटप भ्रमण तथा प्राकृतिक दृश्यावलोकनमा रमाइरहेका छन् ।

मुर्माटपबाट देखिने सूर्योदय र रारातालको मनोरम दृश्य अहिले पर्यटकको प्रमुख आकर्षण बनेको छ । धेरैजसो पर्यटक दुई दिनसम्म रारातल तथा आसपासका क्षेत्र घुमेर फर्किने गरेका छन् ।

स्थानीय व्यवसायीहरूका अनुसार केही समयअघिसम्म अपेक्षाकृत शान्त रहेको रारा क्षेत्र अहिले फेरि पर्यटकको गतिविधिले व्यस्त हुन थालेको छ ।

पर्यटकको आगमन बढेसँगै होटल, रेस्टुरेन्ट, यातायात, स्थानीय हस्तकला तथा खाद्यान्न व्यापारमा समेत सकारात्मक प्रभाव परेको छ ।

रारालाई सामान्यतया फागुन, चैत, वैशाख तथा असोज, कात्तिक र मङ्सिर महिनामा बढी पर्यटक आउने गन्तव्यका रूपमा चिनिन्छ । ती महिनामा मौसम अनुकूल हुने भएकाले पर्यटकको चहलपहल बढी हुने गर्दछ । तर यसपटक सार्वजनिक बिदाका कारण अफ-सिजनमै पनि उल्लेखनीय सङ्ख्यामा पर्यटक पुगेका हुन् ।

स्थानीय पर्यटन व्यवसायीहरूले सडक पहुँचमा आएको सुधार, सामाजिक सञ्जालमार्फत बढ्दो प्रचारप्रसार तथा छोटो समयमै प्राकृतिक गन्तव्य पुग्ने चाहनाले आन्तरिक पर्यटन बढेको बताएका छन् ।

खेलकुद पूर्वाधारका लागि बजेट माग

काँक्रेविहार संवाददाता

नेपालगञ्ज, १५ जेठ

साविक मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले लुम्बिनी प्रदेश सरकारसँग खेलकुदका भौतिक पूर्वाधार निर्माण तथा संरक्षणका लागि बजेट माग गरेको छ । समितिका कार्यालय प्रमुख महेश चन्दको नेतृत्वमा गएको टोलीले लुम्बिनी प्रदेशका युवा तथा खेलकुदमन्त्री सन्तोष पाण्डेयसँग भेट गरी नेपालगन्जमा रहेका खेलकुद पूर्वाधारको विस्तार र संरक्षणका लागि आवश्यक बजेट उपलब्ध गराउन आग्रह गरेको हो ।

समितिका प्राविधिक सल्लाहकार फरमान अली सिद्दिकी (सोनु) का अनुसार नेपालगन्जमा अझै थप खेलकुद पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । साथै यसअघि करिब एक अर्ब रुपैयाँभन्दा बढी लागतमा निर्माण भएका संरचनाको संरक्षणसमेत आवश्यक भएकाले बजेट माग गरिएको उनले बताए । मन्त्री पाण्डेयलाई भेट्न गएको टोलीमा कार्यालय प्रमुख चन्द, क्षेत्रीय प्रशिक्षण प्रमुख जयन्त श्रेष्ठ, पूर्व उपाध्यक्ष नरेन्द्र थापा तथा प्राविधिक सल्लाहकार सिद्दिकी सहभागी थिए ।

भेटका क्रममा टोलीले नेपालगन्जको समग्र खेलकुद अवस्थाबारे जानकारी गराउँदै प्रतियोगिता तथा प्रशिक्षणलाई प्रभावकारी बनाउन थप पूर्वाधार निर्माण र संरक्षण आवश्यक रहेको बताएको थियो । मन्त्री पाण्डेयले खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै आवश्यक बजेट उपलब्ध गराउन पहल गर्ने आश्वासन दिएको टोलीले जनाएको छ ।

नेपालगन्जलाई खेलकुदको 'हब'का रूपमा विकास गर्न सकिने भएकाले दीर्घकालीन योजनासहित पूर्वाधार विस्तार र संरक्षण आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कर्णाली छोरी सम्मेलनको दोस्रो संस्करण आज र भोली वीरेन्द्रनगरमा

काँक्रेविहार संवाददाता
सुर्खेत, १५ जेठ

श्री ज्योति फाउन्डेसनले आयोजना गर्ने 'कर्णाली छोरी सम्मेलन-२०८३' को दोस्रो संस्करण आज जेठ १६ र १७ गते वीरेन्द्रनगरमा सञ्चालन हुने भएको छ। सम्मेलनमा कर्णाली प्रदेशका ७९ वटै स्थानीय तहबाट छोरीहरूको सहभागिता रहने आयोजक ज्योति फाउन्डेसनकी अध्यक्ष ज्योति कटुवालले जानकारी दिइन्।

आइतबार वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमार्फत फाउन्डेसनले सम्मेलनको तयारी पूरा भएको जानकारी दिएको हो। सम्मेलनमा कर्णालीका विभिन्न समुदायका करिब दुई सय ५० भन्दा बढी छोरीहरूको सहभागिता रहने जनाइएको छ। राउटे, राजी, कुसुण्डा, बादी, अपांगता भएका तथा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका छोरीहरूको समेत सहभागिता रहनेछ।

सम्मेलनमा लैंगिक तथा जातीय विभेद, महिला हिंसा, बालविवाह, घरेलु हिंसा, छाउपडी, मर्यादित महिनावारी, शिक्षा, नेतृत्व विकास तथा सामाजिक न्यायका विषयमा छलफल गरिने आयोजकले जनाएको छ। सम्मेलनबाट आएका निष्कर्षलाई स्थानीय, प्रदेश र संघीय सरकारसमक्ष सुझावका रूपमा पेश गरिने बताइएको छ।

सम्मेलन अवधिभर कर्णालीका



विभिन्न जिल्लाका छोरीहरूले आफ्ना जीवन संघर्षका अनुभव सार्वजनिक गर्नेछन्। साथै नीति निर्माणसँग सम्बन्धित कार्यपत्र प्रस्तुत गरिनुका साथै विभिन्न विषयगत सत्र सञ्चालन गरिने कार्यक्रम तय गरिएको छ।

पहिलो दिन जीवन रूपान्तरण तथा यात्रा गन्तव्य, ज्ञानी उज्यालोमा छोरी, गृहणका चुनौती, आर्थिक साक्षरता तथा 'छोरीका मनका कुरा' शीर्षकमा छलफल हुनेछ। दोस्रो दिन पनि विभिन्न जिल्लाका छोरीहरूले अनुभव आदानप्रदान गर्ने, आवाजविहीनहरूको आवाज विषयमा अन्तरक्रिया हुने तथा डिजिटल र आर्थिक साक्षरतासम्बन्धी सत्र सञ्चालन गरिनेछ। श्री ज्योति फाउन्डेसनले यसअघि २०८२ सालमा पहिलो संस्करणको 'कर्णाली छोरी सम्मेलन' आयोजना गरेको थियो।

सम्मेलनपछि प्रदेशस्तरीय 'कर्णाली छोरी सञ्जाल' गठन गरिएको र ७९ वटै स्थानीय तहमा पालिकास्तरीय छोरी सञ्जाल विस्तार गरिएको फाउन्डेसनले जनाएको छ। ती सञ्जालमा हाल ६ सयभन्दा बढी छोरी आबद्ध रहेका छन्।

फाउन्डेसनले जाजरकोट भूकम्प प्रभावित तथा विपन्न छोरीहरूको शिक्षाका लागि छात्रवृत्ति कार्यक्रमसमेत सञ्चालन गर्दै आएको जनाएको छ। प्रत्येक वर्ष १५ जना भूकम्पपीडित तथा १५ जना विपन्न छोरीलाई कक्षा १२ सम्म अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको जानकारी दिइएको छ। सम्मेलनले कर्णालीका छोरीहरूको आवाजलाई नीतिगत तहसम्म पुऱ्याउन र सामाजिक कुरीतिविरुद्ध सचेतना फैलाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

पूर्वाधार...

उत्पादनको प्रमुख क्षेत्रका रूपमा विकास गर्न 'स्याउ र ओखर जोन' कार्यक्रम ल्याएको छ। कृषि उत्पादन संरक्षणका लागि चिस्यान केन्द्र निर्माण गरिने भएको छ। हुम्लाको हिल्सामा पशु क्वारेन्टाइन स्थापना गर्ने घोषणा गरिएको छ भने जडिबुटी प्रशोधन केन्द्र स्थापना गरेर कर्णालीका जडिबुटीजन्य उत्पादनलाई बजारसँग जोड्ने योजना अघि सारिएको छ। दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा भेटिएको पेट्रोलियम पदार्थको व्यवसायिक उत्पादन थाल्न आवश्यक बजेट व्यवस्था गरिएको सरकारले जनाएको छ। यस्तै काम यथाशीघ्र अगाडि बढाउने अर्थमन्त्री डाक्टरले बताए। लामो समयदेखि चर्चामा रहेको पेट्रोलियम अन्वेषणलाई अब व्यावसायिक चरणमा लैजाने तयारी गरिएको अर्थमन्त्री वाग्लेले बताए

पर्यटन प्रवर्द्धनका लागि काँक्रेविहार, पञ्चकोशी, रारा र फोक्सुण्डोलाई समेटेर प्रादेशिक पर्यटकीय कोरिडोर विकास गरिने भएको छ। सरकारले कर्णालीका धार्मिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोड्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने लक्ष्य राखेको जनाएको छ। सुर्खेत विमानस्थल विस्तारको योजना पुनः बजेटमा समावेश गरिएको छ। प्रदेश सरकारसँगको सहकार्यमा विमानस्थल विस्तार गरिने योजना सरकारले अघि सारेको हो। यस्तै, मुगुको ताल्चा विमानस्थल स्तरोन्नति गरिने घोषणा पनि बजेटमा गरिएको छ।खेलकुद क्षेत्रतर्फ सरकारले सुर्खेतमा आगामी तीन वर्षभित्र तीन हजार दर्शक क्षमता भएको इन्डोर रंगशाला निर्माण गर्ने योजना सार्वजनिक गरेको छ। साथै, सुर्खेतमा १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ भने मधेश प्रदेशमा ११ औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने योजना पनि बजेटमा समावेश गरिएको छ। सरकारले कर्णालीका विकास योजनामा मात्र होइन, राष्ट्रिय स्तरका विभिन्न सुधार कार्यक्रमलाई पनि बजेटमार्फत अघि सारेको छ। सरकारले कर्णालीलाई आर्थिक तथा पर्यटकीय गतिविधिको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित करिब ६१ अर्ब ५० करोड रुपैयाँ बराबरका कार्यक्रम कर्णाली केन्द्रित योजनामा विनियोजन गरेको जनाएको छ।

यस्तै समग्रमा चालु आर्थिक वर्षको बजेटमा कर संरचनामा व्यापक सुधार गरिएको छ भने अनावश्यक ३१ कर संरचना खारेज गरिएको अर्थमन्त्री वाग्लेले बताएका छन्। सरकारले 'एक नागरिक : एक डिजिटल प्रोफाइल' कार्यक्रम, डिजिटल टाइम कार्ड, एआई कम्प्युट क्षेत्र स्थापना, किसान केन्द्रित कृषि प्रणाली, वैदेशिक लगानी प्रोत्साहन तथा भूमिहीन दलित र सुकुम्बासी व्यवस्थापनजस्ता कार्यक्रम पनि बजेटमा समावेश गरेको छ। सरकारी कर्मचारीको तलबमा १० प्रतिशत वृद्धि गरिएको छ भने महँगी भत्ता कायम राख्दै कुल २१ प्रतिशतसम्म लाभ पुग्ने गरी व्यवस्था गरिएको सरकारले जनाएको छ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सरकारले कुल २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बराबरको बजेट ल्याएको छ। अर्थमन्त्री वाग्लेले यस बजेटलाई "नागरिकसँग गरिएको करारको कार्यान्वयनको प्रारम्भ" का रूपमा व्याख्या गरेका छन्।

गणतन्त्र...

नेताहरू, नागरिक समाज, राजनीतिक कार्यकर्ता तथा आम जनसमुदायको योगदानको उच्च प्रशंसा गर्दै गणतन्त्र दिवस जनताको सार्वभौम अधिकार स्थापित भएको ऐतिहासिक दिन भएको बताए।

मुख्यमन्त्री कँडेलले संविधानअनुसार राज्य संयन्त्रमा भएका परिवर्तन जनताले प्रत्यक्ष अनुभूत गर्न सक्ने गरी कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन्। जनतालाई केन्द्रमा राखेर सञ्चालन हुने शासन प्रणालीले मात्रै गणतन्त्रलाई थप परिपक्व र सुदृढ बनाउन सक्ने उल्लेख गर्दै उनले गणतान्त्रिक व्यवस्थामा आचरण र व्यवहार पनि उन्नत तथा सुसंस्कृत हुनुपर्ने बताएका छन्।

उनले कुनै पनि शासन प्रणाली संस्थागत हुन समय लाग्ने भन्दै विकास क्रममा कमीकमजोरी देखिनु स्वाभाविक भएको बताए।

नागरिकका अपेक्षा पूरा नहुँदा असन्तुष्टि र आलोचना हुनु स्वाभाविक भए पनि त्यसलाई व्यवस्थाको असफलतासँग जोडेर गणतन्त्रमाथि प्रश्न उठाउने वा पुरानो व्यवस्थातर्फ फर्काउने प्रयास नेपाली जनताले स्वीकार नगर्ने उनले स्पष्ट पारेका छन्।

मुख्यमन्त्री कँडेलले विगतमा राजनीतिक परिवर्तनका क्रममा दलहरूबीच देखिएको सहमति, सहकार्य र एकताको भावनालाई अब मुलुकको विकास र समृद्धिमा पनि कायम गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

संघीय लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधानको जगमा बनेको संघीय सरकारले गणतन्त्र सुदृढीकरणका लागि दलहरूबीच सार्थक संवाद र सहकार्य बढाउनुपर्नेमा उनले विशेष आग्रह गरेका छन्।

सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका

आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५६२६

गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)